रामारोशन गाउँपालिकाको अध्यक्ष ज्यु

गाउँसभाका सदस्य ज्युहरु

१. सम्पुर्ण विश्व नै कोरोना भाइरस कोभिड-१९ को महामारीसंग जुधिरहेको चुनौतिपुर्ण र असहज अवस्थामा रामारोशन गाउँपालिकाको आ.व. २०७७/०७८ को निति तथा कार्यक्रम रामारोशन गाउँपालिकाको गाउँसभामा प्रस्तुत गर्दैछु ।

२. नेपालको सार्वभौम सत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय हित, स्वाभिमान, लोकतन्त्र र जनजिविकाका लागि भएका महान जनयुद्ध लगायत विभिन्न आन्दोलनहरुमा आफ्नो अमुल्य जिवन उत्सर्ग गर्नुहुने सम्पुर्ण ज्ञात अज्ञात सहिदहरुप्रति भावपुर्ण श्रद्धान्जली अर्पण गर्दछु । ती आन्दोलनहरुको क्रमका सम्पुर्ण सहिद परिवार, घाइते, अपाङ्ग तथा जेलबन्दिहरुप्रति हार्दिक सम्मान प्रकट गर्दछु एवं उक्त आन्दोलनहरुको नेतृत्व गर्नुहुने अग्रजहरु प्रति उच्च सम्मान प्रकट गर्दछु । नेपाली समाजको रुपान्तरणमा उहाहरुले पुऱ्याउनुभएको योगदानको पुनः स्मरण गर्न चाहन्छु ।

३. विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड १९ संक्रमणले विश्वलाइ नै आक्रान्त पारेको यस परिवेसमा रामारोशन गाउँपालिका पनि पुर्ण रुपमा प्रभावित भएको छ । कोरोना भाइरस रोकथाम तथा नियन्त्रणमा अहोरात्र खट्ने स्वास्थकर्मी लगायत सम्पुर्ण राष्ट्रसेवकहरु तथा जनप्रतिनिधिज्युहरुमा उच्च सम्मान प्रकट गर्दछु र उहाँहरुको यस महान योगदानको जति नै प्रशंसा गरेपनि कमै हुन्छ । यस गाउँपालिका अन्तरगत कोभिड १९ बाट संक्रमितहरुको सिघ्र स्वास्थ्य लाभको कामना गर्दछु । कोरोना भाइरस विरुद्धको यस ऐतिहासिक लडाइमा विना स्वार्थ र विना सर्त सामेल हुन सम्पुर्ण राजनितिक दल, सरकारी तथा गैर सरकारी संस्था, समाजसेवी, वुद्धिजिवि तथा आम जनसमुदायमा अपिल गर्दछु ।

४. अध्यक्षज्यू तथा गाउँसभा सदस्यज्यूहरु

५. यस वर्षको निति, कार्यक्रम तथा बजेट अन्य सामान्य अवस्थाको निति, कार्यक्रम र बजेटभन्दा निश्चित रुपमै भिन्न हुनेछ । कोरोना भाइरस रोकथाम, नियन्त्रण, पुनर्स्थापना, क्वारेन्टाइन स्थापना, सञ्चालन र व्यवस्थापन तथा आइसोलेसन वार्ड स्थापना, सन्चालन र व्यवस्थापन तथा जनशक्ति परिचालनलाइ उच्च प्राथमिकतामा राखि आवश्यक बजेट व्यवस्थापन गरिनेछ । यसमा संलग्न जनशक्तिको जोखिम न्यनिकरण तथा प्रोत्साहनलाइ उच्च प्राथमिकतामा राखिनेछ ।

रामारोशन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शान्तडा, अछाम
२०७३

६. रामारोशन गाउँपालिकाका प्रयटकिय सम्भावनाहरुलाइ उजागर गरि रामारोशनलाइ राष्ट्रिय र अन्तराष्ट्रिय प्रयटकिय गन्तव्यका रुपमा स्थापित गराउन पहल गरिनेछ ।

७. प्रयटन प्रवर्द्धनमार्फत आय आर्जनको लागी होमस्टेको प्रभावकारी सन्चालन, समन्वय र नियमन गरिनेछ ।

८. रामारोशन तालमा यसै वर्षदेखि डुङ्गा सञ्चालनन गरिनेछ ।

९. स्थानीय कला, संस्कृति, होरी, पुत्ला, भुवो, मारुनी लगायतका कला संस्कृतिको प्रचार प्रसार तथा संरक्षण गरि प्रयटन प्रवर्द्धन गरिनेछ ।

१०. लोपोन्मुख जनजातीको भाषा तथा संस्कृतिको संरक्षण गरिनेछ ।

११. "सबैका लागि स्वास्थ्य, स्वास्थ्यका लागि सबै" आदर्शलाइ कार्यान्वयन गरिनेछ ।

१२. बिस्वभर फैलिरहेको कोरोना माहामारी तथा अन्य आउन सक्ने बिभिन्न माहामारी तथा सरुवा रोग नियन्त्रण रोकथामका लागी RDT /PCR परिक्षण र प्रत्येक स्वास्थ्य संस्थामा १० बेड आईसोलेसन कक्ष निर्माण गरि स्वास्थ्यकर्मिलाई अभिमुखिकरण गराईने छ।

१३. वहुक्षेत्रिय पोषण योजनाको प्रभावकारी कार्यान्वयनलाइ उच्च प्राथमिकतामा राखि आवश्यक वजेट व्यवस्थापन गरिनेछ र यस यन्तरगत निर्मित आवधिक योजनाको कार्यान्वयनलाइ प्राथमिकता दिइनेछ ।

१४. रामारोशन गाउँपालिकाको स्वास्थ्य चौकीहरुको क्रमशः स्तर उन्नती गरी कम्तीमा एउटा स्वास्थ्य संस्थामा चिकित्सक सहित सेवा उपलब्ध गराउन व्यवस्था गरिने छ। गुणस्तरीय औषधीमा जनताको पहुँच, औषधीको समुचित प्रयोग, अत्यावश्यक औषधी र उपकरणको प्रयाप्त उपलब्धता गराई स्वास्थ्य सेवा प्रभावकारी र जनमुखी बनाउनुका साथै आवश्यकता अनुसार विशेषज्ञ सहितको शिविरहरु सञ्चालन गरिने छ ।

१५. गाउँपालिकाका सबै जनताको समयमै रोग निदानको लागि स्वास्थ्य संस्था स्तरमा प्रयोगशाला र एक्सरे सेवालाई विस्तार गरिने छ ।

१६. स्थानिय तहमा कम्तिमा १५ सैयाको रामारोशन अस्पताल स्थापना कार्य प्रारम्भ गरिनेछ ।

१७. मातृ तथा शिशु स्वास्थ्यको क्षेत्रमा प्रगति भएता पनि भौगोलिक विकट्ता र आर्थिक विपन्नता भएका ठाउँमा मातृ मृत्युदर र नवजात शिशु मृत्युदरमाकमि ल्याउन महिलाहरुको प्रजनन् स्वास्थ्य, सामुदायीक प्रसुति केन्द्रको विस्तार, गुणस्तरीय प्रसुती सेवा, सामुदायमा आधारित नवजात शिशु सेवाद्वारा मृत्युदर घटाउन दक्ष जनशक्ति बनाउन तिव्र गतिमा पालिका स्तरबाट व्यवस्थापन गरिने छ।

१८. परिवार स्वास्थ्य लागायत यौन तथा प्रजनन् स्वास्थ्यलाई एकिकृत सेवाको रुपमा कार्यन्वयन गर्न 'एक वडा एक नर्स कार्यक्रम' सञ्चालन गरिने छ ।

१९. समानता, जवाफदेहिता, जनसहभागिता जस्ता प्राथमिक स्वास्थ्य सेवाका सिद्धान्तहरु प्रति प्रतिबद्ध रहि 'सबैका लागि स्वास्थ्य' र 'सबै स्वास्थ्यका लागि' अभियान अघि बढाउन गाउँपालिका प्रयत्नशिल रहनुका साथै स्वास्थ्यका सामाजिक कारक तत्वहरुका महत्त्वलाई आत्मासात गर्दै अन्य सामाजिक नितिहरुमा पनि स्वास्थ्य सरोकार प्रतिविम्वित गराउन 'स्वास्थ्य सबै नितिहरुमा' स्थापित गरिने छ ।

२०. युवा तथा किशोरी मैत्री स्वास्थ्य सेवाको अवधारणलाई सम्पूर्ण स्वास्थ्य सेवा प्रदायक संस्थाहरुमा समावेश गरी विद्यालय स्वास्थ्य कार्यक्रमसँग सामायोजन गराइने छ ।

२१. प्रजनन् स्वास्थ्यसँग सम्बन्धित हरेक पक्षको उत्खनन, समस्या समाधान, सेवा विस्तार र गुणस्तरता अनुगमन अभियानलाई अगाडी बढाउन उपाध्यक्ष महिला सशक्तिकरण कार्यक्रम मार्फत समबोधन गरिने छ ।

२२. महिला, बालबालिका, जेष्ठ नागरिक, दलित, सिमान्तकृत, अग्रगामी लोक तान्त्रिक परिवर्तनका लागि भएको १० बर्षे जनयुद्ध, सबै जनआन्दोलन र क्रान्तिका क्रममा जिवन उत्सर्ग गर्ने शहिद परिवार, द्वन्द्ध पिडित र घाइतेहरुको संविधान प्रदत्त अधिकार स्वास्थ्य सेवामा प्रत्याभुत गरिनेछ । सबै लिङ्ग क्षेत्र र समुदाय भित्रका आर्थिक रुपले विपन्न शारिरीक र मानसिक रुपले अशक्तहरुलाई प्राथमिकताका साथ स्वास्थ्य सेवा सुनिश्चित गरिने छ ।

२३. भौगोलिक र जनसंख्याको अनुपातका आधारमा बढीमा १ घण्टाको दुरीमा एक वडा एक स्वास्थ्य संस्थाको अवधारणालाई सफलिभुत बनाउन एउटा वडामा एक स्वास्थ्य चौकी सहित आवश्यकता अनुसार सामुदायिक स्वास्थ्य इकाई स्थापना गरिनेछ ।

२४. लैङ्गिक हिंसा पिडितहरुको उपचार तथा एक द्वार संकट व्यवसथापन केन्द्रमा प्रेषणको व्यवस्था गरिने छ ।

२५. नेपाल संविधान २०७२ को मर्म अनुसार बालबालिकाको अधिकार सुनिश्चत गर्न गुणस्तरिय खोप सेवा तथा पुर्ण खोप शुनिश्चितता गर्न बाह्य खोप केन्द्र भवन निर्माणमा जोड दिइने छ ।

२६. यौन रोग तथा एच आई भी एड्स लाई व्यवस्थापन गर्न ART वितरण केन्द्र स्थापना तथा सुचीकृत गर्न जोड दिइने छ ।

२७. पूर्ण संस्थागत सुत्केरी (Zero Home Delivery) कार्यक्रम सम्पुर्ण वडामा लागु गरि स्वास्थ्य संस्थामा गर्भ जाँच गराउन आउने महिलालाईपालिका स्तरबाट निःशुल्क भिडियो एक्सरे र सबै स्वास्थ्य संस्थमा 'सुत्केरी आवश गृह' व्यवस्थापन गरिने छ ।

२८. गाउँपालिकालाई पूर्ण पोषणयुक्त गाउँपालिका घोषणको लागि, बहुक्षेत्रिय पोषणयोजना कार्यक्रममार्फत सम्बोधन गरिनेछ।

२९. गाउँपालिकामा विशेष गरेर जेष्ठ नागरिक संग सम्बन्धित सेवा, सवालहरु, नसर्ने रोगहरुको पहिचान र उपचार, अखाद्य बस्तुको कडा नियमन, मदिरा र सुर्तीजन्य पदार्थको नियमन तथा कारबाही आदि जस्ता अभिभावकत्व सँग सम्बन्धित गतिविधिहरु सरकार प्रमुख सँग अभिभावक कार्यक्रम सञ्चालन गरी सम्बोधन गरिने छ ।

३०. स्वास्थ्य संस्थाहरुको सरसफाई स्वच्छता कायम गर्नका लागि अध्यक्ष सरसफाई तथा स्वच्छता कार्यक्रमबाट सम्बोधन गरिने छ ।

३१. उपचार सेवालाई व्यवस्थित बनाउन समुदायका स्वास्थ्य संस्थादेखि अति विशिष्ट सेवा प्रदायक संस्थाहरु सम्म प्रभावकारी दोहोरो प्रेषण प्रणालीको व्यवस्था गरिनेछ ।

३२. अध्यक्ष ज्यू तथा गाउँसभा सदस्यज्यूहरु

३३. कोभिड-१९ को संक्रमणको कारण अवरुद्ध रहेको सिकाई प्रणालीलाई सुचारु गर्न र विद्यालय जाने उमेरका बालबालिकालाई विद्यालयमा नियमित पठनपाठन नभएसम्म आफ्नो परिवेश अनुकूल सिक्ने वातावरण सृजना गर्न दूर तथा खुला शिक्षा लगायत वैकल्पिक प्रणालीको माध्यमबाट प्रभावकारी र व्यवस्थित रुपमा सिकाइमा सहजीकरण गरिनेछ।

३४. सार्वजनिक- निजी साझेदारी र सामुदायिक एंव सार्वननिक शिक्षा प्रणालीको सबलीकरण गरिनेछ। सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धिको लागी One Step Ahead कार्यक्रमलाइ एउटा अभियान तथा शैक्षिक आन्दोलनको रुपमा स्थापित गरिनेछ ।

३५. सघन विद्यालय अनुगमन प्रतिवेदनको दृढताका साथ कार्यान्वयन गरिनेछ ।

३६. सघन विद्यालय अनुगमन प्रतिवेदन वमोजिमको शिक्षक दरवन्दि कायम गरि शिक्षा निति २०७६ बमोजिमको तलव तथा सुविधाको ग्यारेन्टि गरिनेछ ।

३७. शिक्षण अनुदानमा एक द्वार प्रणाली लागु गरि दरवन्दि अनुसारको शिक्षण अनुदान प्रदान गरिनेछ ।

३८. बालविकाससम्बन्धी कानून,योजना, कार्यक्रम तर्जुमा,कार्यन्वयन,अनुगमन,मूल्याङ्कन र नियमन एंव प्रारम्भिक बालविकास केन्द्रको व्यवस्थापन गरिनेछ।

३९. आधारभूत शिक्षा सम्बन्धी कानून, योजना, कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुनमन, मूल्याङ्कन र नियमन तथा आधारभूत विद्यालय अनुमति, स्वीकृति, व्यस्थापन र नियमनगरिनेछ।

४०. अनौपचारिक, वैकल्पिक शिक्षा तथा आजीवन सिकाइसम्बन्धी कानून,योजना तथा कार्यक्रम तर्जुमा,कार्यान्वयन,अनुगमन, मूल्याङ्कन र नियमन गरिनेछ।

४१. निरन्तर सिकाइ तथा सामुदायिक सिकाइकेन्द्र सम्बन्धी कानून, योजना तथा कार्यक्रम तर्जुमा, संञ्चालन, अनुगमन, मूल्याङ्कन र नियमनगरिनेछ।

४२. अभिभावक शिक्षा सम्बन्धी कानून, योजना तथा कार्यक्रम तर्जुमा,कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन गरिनेछ।

४३. खुला तथा दूर शिक्षा सम्बन्धी योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन गरिनेछ।

४४. आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धी योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमनगरिनेछ ।

४५. प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुगमन, मूल्याङ्कन र नियमनगरिनेछ।

४६. गाउँ शिक्षा समिति र विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन सम्बन्धी कानून, योजना तथा कार्यक्रम तर्जुमा, संञ्चालन, अनुगमन, मूल्याङ्कन र नियमनगरिनेछ।

४७. विद्यालयको गुणस्तर अभिवृद्धि योजना तथा कार्यक्रम निर्माण तथा कार्यान्वयन गरिनेछ।

४८. राष्ट्रिय मापदण्ड र स्थानीय आवश्यकताको आधारमा सार्वजनिक विद्यालयको शिक्षक दरबन्दी पुनर्रवितरण र मिलानगरिनेछ।

४९. स्थानीय पुस्तकालय र वाचनालयको स्थापना संञ्चालन तथा व्यवस्थापन गरिनेछ।

५०. गाउँपालिकाको शिक्षा ऐन,नियमावली ,आवश्यक प्रक्रियाका लागि निर्देशिका एंव कार्यविधिसमेत राजपत्रमा प्रकाशन गरी लागू गरिनेछ।

५१. सूचना तथा सञ्चार प्रविधिलाई शिक्षा प्रणालीको अभिन्न अंगको रुपमा एकीकृत गर्दै विद्यालय तथा शिक्षण संस्था प्रविधिको पूर्वाधार विकास गर्नेर स्थानीय स्तरमा अनलाइनमा आधारित एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली(Integrate Education Management Information System-IEMIS) को सुदृढीकरण गरी शिक्षण सिकाइ प्रक्रियालाई सूचना प्रविधिमैत्री बनाइनेछ।

५२. खेलकुद क्षेत्रको विकासका लागि पालिका स्तरीय खेलकुद विकास समिति गठन गरिनेछ साथै खेल प्रशिक्षकको व्यवस्था गरी खेलाडीको स्तरोन्नति गरिनेछ।

अध्यक्ष ज्यु तथा गाउँसभा सदस्यज्यूहरु

५३. विश्वभरी फैलिरहेको कोरोना भाइरसको माहाँमारीको अवस्थालाइ अध्यनजर गरी भोकमरी को अवस्था सिर्जना नहोस भन्नका लागि खाद्यान्न र दलहन वाली उत्पादन का कार्यक्रमलाइ विषेश जोड दिइनेछ ।

५४. बाँझो जग्गाको तथ्याङ्क संकलन गरी उक्त जमिनमा फलफुल बाली, मसला बाली, तथा अन्य नगदेवालीका साथसथै उच्च मुल्यका बालीहरु  उत्पादनका कार्यक्रम संचालन गरिनेछ ।शुन्य खेतियोग्य बाँझो जमिनको अवधारणालाइ कार्यान्वयन गरिनेछ ।

५५. फलफुल खेतिलाइ विषेश प्रथामिकता दिदै हिउदे तथा वर्षे फलफुल खेति सम्वन्धि विषेश कार्यक्रम संचालन गरिनेछ ।

५६. कृषिमा आधुनिकिकरण गरि कृषि उपजमा आधारित उद्योग स्थापना गरिनेछ ।

५७. जनताको खाद्य सम्प्रभुत्ताको अधिकारलाइ सुनिश्चित गर्न खाद्य बैङ्क स्थापना गरि सञ्चालनमा ल्याइनेछ ।

५८. तुलानात्मक लाभ दिन सक्ने स्थानीय बालीनाली र आधारभुत खाद्य वस्तुको उत्पादनमा आत्मानिर्भरता हुन सक्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

५९. प्राङ्गारिक कृषि प्राणाली  अबलम्बन गर्न विशेष जोड दिइनेछ ।

६०. गाउँपालिका क्षेत्र भित्र आलु तथा तरकारी बालिको क्षेत्र बिस्तार गरिनेछ ।

६१. कृषि प्रसारका का कार्याक्रमलाई थप प्रभावकारी बनाईनेछ।

६२. करारखेतिको सम्भावना अध्ययन गरि करार खेति प्रवद्धन कार्य अगाडि बढाइनेछ ।

६३. लोपोन्मुख स्थानीय बालीका जात संरक्षरका कार्यक्रमलाई अगाडी बढाईनेछ ।

६४. कृषि विमा कार्यक्रम अगाडी वढाईनेछ ।

६५. सम्भावनाको अध्ययन गरी एक वडा एक उत्पादन कार्यक्रम प्रारम्भ गरिनेछ ।

६६. विउ उत्पादन कार्यक्रम संचालन गरिनेछ ।

६७. समुदायको पोषण तथा जिविको पार्जनको अवस्थामा सुधार ल्याउनका लागि गाँउपालिका भित्रका हरेक घरधुरीमा घरवारी स्थापना गर्दै सम्भाव्य क्षेत्रमा उत्पादनको पकेट क्षेत्र विस्तार गर्ने र व्यवसायिक रुपमा समुह मार्फत वार्षिक रु १० लाख भन्दा माथि कारोवार गर्ने कृषक समुहहरुलाइ प्रोत्साहन गर्ने निति लिइनेछ

६८. गाउँपालिका स्तरमा आवश्यक बोटविरुवा आपुर्ति गर्नकालागि उन्नत स्तरको बहुउद्देशिय नर्सीरे स्थापना गर्ने कार्य यसै वर्ष बाट प्रारम्भ गरिनेछ ।

६९. स्थानिय उत्पादन बाट कृषकहरुलाइ अधिकतम लाभ लिइ जिविकोपार्जनमा सुधार ल्याउन उत्पादनको भण्डारण बजारिकरण का साथै कृषि सामाग्रीको सहज आपुर्तिका लागि आवश्यकता अनुसार संकलन केन्द्र, कोल्ड स्टोर, एग्रोभेट, स्थापना र हाटबजार संचालन गर्ने कार्य यसै वर्षबाट सुरुवात गरिनेछ ।सो प्रयोजनका लागि निजि क्षेत्र तथा सहकारीहरुलाइ प्राथमिकताकासाथ परिचालन गर्ने निति लिइनेछ ।

७०. विकास साझेदारका रुपमा सहकारीलाइ अर्थपुर्ण रुपमा स्थापित गरिनेछ । सहकारी संस्थाहरुको समायोजन, नियमन तथा परिचालन सम्बन्धि नितिगत व्यवस्था गरि प्रभावकारिता हासिल गरिनेछ ।

७१. एक वडा एक सहकारीको अवधारणा बमोजिम उत्पादन सहकारी, उपभोक्ता सहकारी र वित्त सहकारी मार्फत समृद्धि हासिल गर्न सहकारीको भुमिका स्थापित गरिनेछ ।

अध्यक्ष ज्यू तथा गाउँसभा सदस्यज्यूहरु

७२. व्यवशायिक पशुपालन मार्फत रोजगारी सिर्जनामा जोड दिइनेछ । पशुपालनमा व्यवशायिकरणका लागी वाख्रा तथा गाई/भैसिमा कृतिम गर्भाधान कार्य थालनि गरिने छ र कृषकहरुको क्षति न्यनिकरणका लागी पशु बिमा कार्यक्रम लागु गरिनेछ ।

७३. गाउँपालिका भित्र रेन्बो ट्राउट माछा पालन तथा अन्य जातका माछा पालनलाई प्राथामिकतामा राखिने छ ।

७४. व्यावसायिक पशुपंक्षि पालन गरि आएका कृषकहरुका लागि अनुदानको व्यवस्था गरिने छ ।

७५. अति पोसिला तथा उत्पादन बढी दिने खालका डाले घाँसका विरुवा निजि तथा सामुदायिक खालि जग्गामा बृक्षारोपण गरिने छ ।

७६. पशु जन्य उत्पादनमा गाउँपालिकालाई आत्मनिर्भर बनाउने कार्य थालनि हुने छ । र गाउँपालिकास्तरमा दुग्ध डेरीको स्थापना तथा सञ्चालन गरिनेछ ।

७७. पशु पंक्षिलाई विभिन्न सरुवा रोगबाट बचाउन खोप सेवालाई नियमित तथा प्रभावकारी बनाईने छ ।

७८. व्यावसायिक पशुपंक्षि पालन गरि आएका कृषकहरुका लागि पशुपंक्षि पालनको लागि तालिमको व्यवस्था गरिने छ र पशुपालनका लागि पकेट क्षेत्र स्थापना गरिनेछ ।

अध्यक्ष ज्यु तथा गाउँसभा सदस्यज्यूहरु

७९. एकल महिला, हिंशा पिडित र अति विपन्न वर्गका व्यक्तिहरुको लागी निशुल्क कानुनी सहायताको व्यवस्था गरिनेछ ।

८०. जोखिममा परेका र टुहुरा वालवालिकाको संरक्षणका लागी विशेष व्यवस्था गरिनेछ ।

८१. गाउँपालिका क्षेत्रभित्र स्वच्छ र सुलभ रुपमा खानेपानी आपूर्तीको व्यवस्था गरिनेछ। गाउँपालिकामा यो वर्ष ग्रामिण जलस्रोत व्यवस्थापन परियोजनासंगको सहकार्यमा वडा नं.१, २र५मा नयाँ खानेपानी योजनाहरु सुरु गरिनेछन्।

८२. नेपाल सरकारको आगामी तीन वर्ष भित्र सबै जनतालाई आधारभूत स्तरको खानेपानी सुविधा उपलब्ध गराउने तथा दीगो विकास लक्ष नं. ६ बमोजिम सन् २०३० भित्र कुल जनसंख्याको ५० प्रतिशतलाई सुधारिएको खानेपानी सुविधा उपलब्ध गराउने लक्ष्य पूरा गर्न खानेपानी सरसफाइ तथा स्वच्छता क्षेत्रको योजना तर्जुमा विद्यमान खानेपानी योजनाहरुको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन हालसम्म सुविधा पुग्न नसकेको क्षेत्रको पहिचान गरी समतामूलक तथा सहभागितात्मक र समनवयात्मक एवम् पारदर्शी पद्धती अपनाई सेवा प्रदान गर्न गाउँपिलका स्तरमा खानेपानी, सरसफाइ स्वच्छता (वास) व्यवस्थापन बोर्ड स्थापना गरी सो मातहत वास युनिट मार्फत नयाँ योजना निर्माण तथा विद्यमान योजनाहरुको मर्मत सम्भारको सेवा प्रवाह गर्ने व्यवस्था मिलाइनेछ ।

८३. गाउँपालिकाले तयार गरेको जलउपयोग गरुयोजनालाई समीक्षा गर्दै विद्यमान सबै खाले खानेपानी, सिँचाई लगायतका जलस्रोतसंग सम्बन्धित योजनाहरुको सञ्चालन तथा व्यवस्थापकीय अवस्था अद्यावधिक गरी सबै समितिहरुलाई जलस्रोत नियमावली बमोजिम दर्ता एवम् अद्यावधिक र नविकरण गर्ने व्यवस्था मिलाई गाउँपालिकास्तरमा सो क्षेत्रको सूचना व्यवस्थापन प्रणाली स्थापना गरिनेछ ।

८४. नेपाल सरकारको पूर्ण सरसफाई निर्देशिका २०७५ एवम् गाँउपालिकालाई पूर्ण सरसफाइउन्मुख घेषणा गर्ने लक्ष बमोजिम गाउँपालिका भित्रका समुदायलाई पूर्ण सरसफाइ उन्मुख तथा विद्यालयहरुलाई तीन तारा पद्धतीमा विकास गर्न एवम् कोभिड १९ जस्ता महामारी र पानीजन्य रोगहरुबाट बच्न वडा तथा समुदायस्तरमा पूर्ण सरसफाइ अभियान सञ्चालन गरिनेछ । विभिन्न पानीजन्य

रोगहरुबाट उत्पन्न हुनसक्ने महामारीहरुबाट सुरक्षित रहन स्रोत एवम् घरायसी स्तरमा पानीको गुणस्तर परिक्षणको व्यवस्था मिलाइनेछ ।

८५. खानेपानी, सरसफाइ, स्वच्छता, मर्यादित महिनावारी व्यवस्थापन, घरवारी व्यवस्थापन तथा व्यवसायिक जिवकोपार्जन प्रवर्द्धन कार्यको लागि स्थानीय स्तरमा प्राविधिक स्रोत व्यक्ति उत्पादन तथा परिचालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

८६. आर्थिक वर्ष २०७६/७७ देखि रु. ५०००००/- (पाँच लाख रुपैंया)को गाउँपालिका खानेपानी मर्मत सम्भार कोष स्थापना गरिएकोमा यो वर्ष समेत रु. ५०००००/- (पाँच लाख रुपैंया) थप गरिनेछ । खानेपानी मर्मत सम्भारको काम यस कोष मार्फत गरिने व्यवस्था मिलाइनेछ ।

८७. 'अध्यक्ष सरसफाइ तथा स्वच्छता कार्यक्रम'लाई प्रभावकारी रुपमा अगाडी बढाइनेछ ।

८८. फोहरमैलाको उचित व्यवस्थापन नर्ने नीति लिइनेछ । गाउँपालिका क्षेत्रभित्रको फोहरमैला व्यवस्थापन गर्न डम्पिङ साइटको खोजी गरी डम्पिङ साइट निर्माण कार्य प्रारम्भ गरिनेछ ।

८९. महिला तथा किशोरीहरुको आत्मसम्मानके रक्षा गर्दै सुरक्षित र स्वच्छ तरिकाले बाँच्न पाउने अधिकारको सुनिश्चितता र महिनावारी भएको समयमा अपनाइने विभिन्न हानीकारक अभ्यासहरुको निर्मुल गरी महिला र किशोरीहरुको आत्मसम्मानको रक्षा गर्न गाउँपालिका उपाध्यक्षहरुको सम्मसम्मानको रक्षा गर्न गाउँपालिका उपाध्यक्षहरुको सम्मेलनले पारित गरेको मर्यादित महिनावारी स्वच्छता व्यवस्थापनको धनगढी घेषणा पत्र कार्यान्वयनको लागी आवश्यक व्यवस्था मिलाइनेछ ।

९०. निर्माण गरिने भौतिक संरचनाहरुलाई लैङ्गिक मैत्री र वालमैत्री बनाउने कुरालाई सुनिश्चित गरिनेछ । 'सबैभन्दा पहिला निर्णयमा महिला' नारालाई मुर्त रुप दिन अब बन्ने सबै उपभोक्ता समितिमा महिलाको ५० प्रतिशत प्रतिनिधित्व गराउन पहन गरिनेछ ।

९१. वालविवाह अन्तका लाग विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।

९२. प्रत्येक घरमा भान्छाभित्रको धुँवा व्यवस्थापनका लिग कार्यक्रम संचालन गरिनेछ ।

९३. यस गाउँपालिकाका छात्राहरुको शिक्षालाई थप गुणस्तरीय बनाउन उच्चशिक्षा तथा प्राविधिक शिक्षामा छात्रा छात्रवृति व्यवस्था गरिनेछ ।

रामारोशन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शान्तडा, अछाम
२०७३

९४. स्यानिटरी प्याडलाई सबै रजस्वला उमेरका छात्राहरुको पहुँचमा पुरयाउन प्रत्येक माद्यामिक विद्यालयमा एउटाएउटा भेन्डिङ मसिन जडान भइसकेकोले त्यसको व्यवस्थापन प्रभावकारी बनाइनेछ ।

९५. बालक्लव गठन, सञ्चालन तथा नियमन गरी बालबालिकाको हकहितका पक्षामा कार्य गर्ने नीति अवलम्वन गरिनेछ ।

९६. लैङ्गिक हिँसा निवारणमा न्यायिक समितिको क्षमता अभिवृद्धि गर्दै लैङ्गिक हिँसाप्रति शुन्य सहनशिलताको नीति लिइनेछ ।

९७. उपाध्यक्ष महिला सशक्तिकरण कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ । लैङ्गिक हिँसा निवारण कोष स्थापना गरी व्यवस्थापन गरिनेछ ।

९८. जीविकोपार्जन तथा शसक्तिकरणका विभिन्न क्रियाकलाप संलग्न हुन महिला समूह गठन तथा परिचालन गरिनेछ ।

९९. महिलाहरुको कार्यबोध कम गर्न एक वडा एक कुटानी पिसानी मिलको अवधारणा कार्यान्वयन गरिनेछ ।

१००. दलित समुदायका परम्परागत पेसालाइ व्यवशायिकरण गरिनेछ ।

१०१. जातिय छुवाछुत लगायत सवैखाले विभेदिकरणको अन्त्यका लागी विशेष कार्यक्रम सन्चालन गरिनेछ ।

१०२. न्युन आय भएका विपन्न वर्ग, दलित तथा जनजातीको लागी जिविकोपार्जनमा सहयोग गरि आत्मनिर्भर बन्ने खालका कार्यक्रमहरु सन्चालन गरिनेछ ।

१०३. विपन्न र दलित समुदायका जेहेन्दार विद्यार्थीहरुलाइ छात्रवृत्तिको व्यवस्था गरिनेछ ।

१०४. रामारोशन गाउँपालिकामा रहेका विधुत काठेपोललाई बिस्थापित गर्ने र फलामेपोलको व्यवस्था गरीनेछ ।

१०५. रामारोशन गाउँपालिकामा बर्षेनि चट्याङपरि घाईते अपाङ्ग्ग हुन नदिनका लागि बिज्ञको सहयोगमा अर्थिङको ब्यवस्था गरिने छ ।

१०६. रामारोशन गाउँपालिकामा केन्द्रिय लाईन पुगिसकेको र वडामा विस्तारको लागि समन्वय गरी अगाडी बढाइने छ ।

१०७. सम्भाव्यता अध्ययन गरि ठुला खालका विधुत आयोजना निर्माणको कार्य अगाडी बढाइनेछ ।

रामारोशन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शान्तडा, अछाम
२०७३

१०८. रामारोशन गाउँपालिकामा रहेका सबै आयोजनालाई एकिकृत गरी मिनिग्रेडको सम्भाब्यता अध्ययनको लागी काम अघाडि बढाउन बैकल्पिक उर्जा प्रर्बद्र केन्द्र र बिधुत केन्द्रीय कार्यालय सगँ समन्वय गरिने छ ।

१०९. रामारोहन गाउँपालिकामा सबस्टेशनको लागि पहल गरीनेछ ।

११०. रामारोशन गाउँपालिकामा रहेका सबै लघुजलबिधुत हरुलाई गाउँपालिका उर्जा शाखामा केन्द्रीकरण गरी अयोजना हरुको दिगोपनाको लागी मर्मत सम्भार ब्यवस्थापन गाउँपालिका बाटै गर्नै ब्यवस्था मिलाईने छ ।

१११. लघु जल बिधुतको अवश्यक जनशत्ति लाई छमता अभिबृधिको लागि तालिमको ब्यवस्था मिलाईने छ ।

११२. प्रत्येक आयोजनाको अनुगमनको ब्वस्था मिलाइने छ । सबै आयोजनाको दिगोपनाको लागि लाभग्राहि र सरोकारवाला बिच अन्तरक्रिया गोष्ठि गरिने छ ।

११३. उर्जा निति तयार गरि कार्यानवयनमा ल्याइने छ र वि.सं. २०७८।०७९ सम्म रामारोशन गाउपालिकालाई अध्यारो मुक्त गाउपालिका घोषणाको लागि काम अघाडि बढाइनेछ ।

११४. अध्यक्ष ज्यु तथा गाउँसभा सदस्य ज्यूहरु

११५. गाउँपालिकाको प्रशासकिय भवन निर्माणको प्रक्रिया प्रारम्भ गरिनेछ ।

११६. संरचना तथा पुर्वाधार विकासका कार्यहरु गर्दा दिगो विकासको अवधारणालाइ आत्मसात साना तथा टुक्रे योजनाको सट्टा परिणाममुखि तथा भुकम्प प्रतिरोधी संरचना निर्माणमा जोड दिइनेछ ।

११७. कोभिड १९ बाहेका विपदहरुको रोकथाम तथा न्युनीकरणको लागि पुर्वतयारी, प्रतिकार्य र पुर्नलाभको कार्यक्रम संचालन गर्न स्थानीय विपद व्यवस्थापन कोषमा आवश्यक बजेटको व्यवस्था गरिनेछ।

११८. जलवायु उत्थानशिल विपद पुर्वतयारी तथा प्रतिकार्य योजना अनुमोदन गरि कार्यान्वयन गरिनेछ ।

११९. उपभोक्ता समिति मार्फत सञ्चालन हुने आयोजनाको प्रभावकारिता तथा गुणस्तर सुनिश्चित गर्न निर्माण पुर्ण र निर्माणकालिन तालिमको व्यवस्था गरिनेछ ।

१२०. गाउँसभाद्वारा विनियोजित योजनाहरु पुष मसान्तभित्र सम्झौता भइसक्ने अवस्था ग्यारेन्टी गरिनेछ ।

१२१. घर नक्सापास तथा घर कायम कार्यविधि लगायत पास भएका सम्पुर्ण कार्यविधिहरु राजपत्रमा प्रकासित गरि यथाशिघ्र कार्यन्वयनमा ल्याइनेछन ।

१२२. रु २० लाख भन्दा माथीका सम्पूर्ण योजनाहरु अनिवार्य रुपमा ठेक्का प्रक्रिया मार्फत सञ्चालन गरिनेछ ।

१२३. रामारोशन चक्रपथको २० किलोमिटर ट्र्याक यसै आ.व. खोलिनेछ ।

१२४. चिलेत्रा वस्तिविकास यसै वर्ष भित्र सम्पन्न गरिनेछ ।

१२५. नमुना मा.वि. विन्देश्वरी सुतार र एक मात्र प्राविधिक विद्यालय नेपाल राष्ट्रिय माध्यामिक विद्यालय चाफामाण्डौ अछामलाइ पुर्वाधार सम्पन्न वनाइनेछ ।

१२६. कैलास खोला र यसका सहायक खोलाहरुमा तटबन्धन गरि नदि कटान नियन्त्रण गरिनेछ ।

१२७. सम्पुर्ण निर्माणाधिन क्रमागत योजनाहरुमा आवश्यक बजेट विनियोजन गरिनेछ ।

१२८. गाउँपालिका स्तरिय र वडा स्तरिय खेलमैदान निर्माणको लागि पहल गरिनेछ ।

१२९. स्थानीय उत्पादन र व्यवशायीलाइ प्रोत्साहित गर्ने निति लिइनेछ । सुचिकृत व्यवशायीसंग मात्र कारोवार गरिनेछ ।

१३०. मलातिकोट लघु जलविधुत र चाफामाण्डौ लघु जलविधुत आयोजनाहरु यसै वर्ष सन्चालन गरिनेछ ।

अध्यक्ष ज्यू तथा गाउँसभा सदस्यज्यूहरु

१३१. करको दायरा विस्तार गरि राजश्व संकलनमा वृद्धि गर्न एकिकृत सम्पतिकर, व्यवशायकर लगायतका करहरु सङ्कलनमा करप्रशासनको क्षमता अभिवृद्धि मार्फत राजश्व सङ्कलनमा बढोत्तरी गरिनेछ ।

१३२. गाउँपालिकाको क्षेत्रभित्र व्यवशाय गर्ने साना तथा ठुला सवै किसिमका व्यवशायीलाइ दर्ता तथा सुचिकरणको प्रकृयामा ल्याइ करको दायरा विस्तार गरिनेछ ।

१३३. वेरुजु र पेश्की फछ्यौंट कार्यमार्फत शुन्य वेरुजु र शुन्य पेस्किको अवधारणा आत्मसात गरिनेछ ।

१३४. बार्षिक रुपमा रु एकलाख भन्दा बढी कर तिर्ने करदाताहरुको अभिलेख राखि निजहरुलाई विशेष रुपले पुरस्कृत र सम्मान गर्ने निती अवलम्बन गरिनेछ ।

१३५. सार्वजनिक खरिदलाई प्रतिस्पर्धी,पारदर्शी र गुणस्तरिय बनाउदै लगिने छ । आर्थिक प्रशासन तथा खरिद प्रशासनको क्षमता विकास तथा विस्तारको लागि आवश्यक तालिमको प्रवन्ध मिलाइने छ । गाउँपालिकाको वित्तिय व्यवस्थापन क्षमता र जवाफदेहिता बढाइनेछ ।

लेखाप्रणालीलाई चुस्त .दुरुस्त बनाउनका लागि सामाजिक परिक्षण, सार्वजनिक परिक्षण तथा सार्वजनिक सुनुवाई लगायत अनुगमन एवं सुपरिवेक्षण जस्ता कृयाकलाप संचालन गरिनेछ ।

१३६. अध्यक्षज्यू तथा गाउँसभा सदस्यज्यूहरु

१३७. सामाजिक सुरक्षा तथा पञ्जिकरणलाइ सत प्रतिसत इन्टरनेटमा आधारित वनाइनेछ र यसै वर्षबाट सामाजिक सुरक्षा भत्तालाइ वैङ्किङ्ग प्रणालीमा आधारित बनाइनेछ ।

१३८. व्यक्तिगत घटना दर्ता प्रणालीलाइ इन्टनेटमा आधारित वनाइ संलग्न जनशक्तिलाइ तालिमको व्यवस्था गरिनेछ ।

१३९. सफ्टवेयरमा आधारित भण्डार प्रणालीको प्रयोग मार्फत जिन्सि सम्पतिको संरक्षण र व्यवस्थापनको प्रभावकारिता अभिवृद्धि गरिनेछ ।

१४०. गाउँपालिका स्तरमा ग्राम उद्योगको स्थापना तथा सन्चालन गरिनेछ ।

१४१. मदिरा नियमन तथा अवैध मदिरा निषेध गर्ने निति लिइनेछ ।

१४२. यी निति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागी सवै क्षेत्रबाट सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्दछु ।

१४३. अन्त्यमा,

गाउँपालिकाको समग्र विकासमा योगदान पुऱ्याउने राजनितिक दल, राष्ट्रसेवक, निजि, सहकारी र सामुदियक क्षेत्र, श्रमिक वर्ग, नागरिक समाज, आम सन्चार जगत लगायत सम्पुर्ण दिदि वहिनि तथा दाजुभाइहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद ।

रामारोशन गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय शान्तडा, अछाम २०७३

..........................

सरस्वती रावल
सरस्वती रावल
उपाध्यक्ष
उपाध्यक्ष
रामारोशन गाउँपालिका